अनुसूचि-२

(दफा ४ तथा अनसूचि-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## माथागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः ५ मितिः २०८२/१०/०८

भाग २

## माथागढी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उप दफा १ बमोजिम माथागढी गाउँपालिकाको गाउँ सभा/ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**२०८२ सालको कार्यविधि-४**

**माथागढी गाउँपालिकाको उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी छात्रवृत्ति समन्नधी कार्यविधि-२०८२**

आज्ञाले,
सुन्दर प्रसाद श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

# माथागढी गाउँपालिकाको उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी छात्रवृत्ति सम्बन्धी कार्यविधि-२०८२

**प्रस्तावना:** कमजोर पारिवारीक आर्थिक अवस्था, रोजगारीका लागि विदेशिनु पर्ने विद्यमान परिस्थिति, बेरोजगारी समस्या, प्राविधिक तथा दक्ष जनशक्तिको अभावलाई हृदयङ्गम गरी यस गाउँपालिकाका शैक्षिक उन्नयन गरी गुणस्तरीय शिक्षा प्रत्याभुत गर्न एवम् गाउँपालिका भित्र आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादन गरी गाउँपालिका भित्रै रोजगारीको सृजना गर्ने तथा गाउँपालिकाको समग्र विकासमा टेवा पुऱ्याई **" हाम्रो माथागढी हाम्रो शान, समृद्ध माथागढी हाम्रो पहीचान "** भन्ने यस गाउँपालिकाको मुल नारालाई साकार पार्न गाउँपालिकाले गाउँपालिकाका कक्षा-१२ परीक्षामा ईन्जिनिएरिङ्ग, विज्ञान, गणित, अङ्ग्रेजी र नेपाली विषयहरुमा न्युनतम B विषयगत ग्रेड प्राप्त गरी एकमुष्टमा सर्वोत्कृष्ट न्यूनतम ३.०० जि.पि.ए. ल्याई प्राविधिक शिक्षा अध्यानार्थ विद्यार्थी इन्जिनियर, नर्स, कृषि, भेटेनरी, चिकित्साशात्र र 'विज्ञान/ गणित संक्राय' स्नातक तह अध्यानार्थ विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न वाच्छनिय भएकाले यो कार्यविधि बनाइ लागू गरीएको छ।

## परिच्छेद:-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम" माथागढी गाउँपालिका उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी छात्रवृत्ति सम्बन्धि कार्यविधि-२०८२ रहेको छ।

(ख) यो कार्यविधि माथागढी गाउँकार्यपालिकाको वैठकवाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ र कार्यपालिकावाट अर्को निर्णय नभएसम्म लागू रहने छ।

### २. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'छात्रवृत्ति' भन्नाले कुनै अध्ययन, अनुसन्धानका लागि गाउँपालिकाले उपलब्ध गराउने आर्थिक अनुदान वा सुविधा, गाउँपालिकालाई संघीय सरकार, प्रदेश सरकार वा कुनै शैक्षिक संस्थाले उपलब्ध गराउने आर्थिक अनुदान वा प्राविधिक सहायता सम्झनु पर्दछ।

(ख) 'सरकार' भन्नाले सामान्यतया माथागढी गाउँपालिका सरकारलाई सम्झनु पर्दछ र सो शब्दले संघीय सरकार र प्रदेश सरकार समेतलाई जनाउनेछ।

(ग) गाउँपालिका' भन्नाले माथागढी गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) छात्रवृत्ति निर्धारण समिति' भन्नाले परिच्छेद-०३ वमोजिमको छात्रवृत्ति छनौट समिति सम्झनु पर्दछ।

(ङ) प्राविधिक शिक्षा' भन्नाले कुनै प्रविधिसंग सम्वन्धित भएर हासिल गरिने व्यवसायिक विज्ञान तथा इन्जिनियर र चिकित्साशात्र जस्ता प्राविधिक जनशक्ति उत्पादन गर्ने शिक्षा सम्झनु पर्दछ।

अध्यक्ष

(च) 'विज्ञान/ गणित संकाय' भन्नाले मुल विषय विज्ञान र गणित लिई अध्ययन गरेको सम्झनु पर्दछ।

(छ) अध्यानार्थ विद्यार्थी भन्नाले माथागढी गाउँपालिका भित्र स्थायी बसोवास भएका उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी सम्झनु पर्दछ ।

## परिच्छेदः- २

## छात्रवृत्ति व्यवस्थापन

**३. छात्रवृत्ति व्यवस्थापन गर्नु पर्नेः** (क) गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्तिका लागि प्रविधिक तर्फ स्नातक अध्ययन गर्ने विद्यार्थीलाई रु.५००००/-(रु पचास हजार) र विज्ञान/ गणित संकाय तर्फ स्नातक अध्ययन गर्ने विद्यार्थीलाई रु.२००००/-(रु बिस हजार) रकममा नबढ्ने गरी प्रस्ताव तयार पारी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(ख) उपनियम (क) बमोजिम प्राप्त भएको प्रस्तावलाई गाउँकार्यपालिकाले अनुकूल र आवश्यक रकमको विश्लेषण गरी स्वीकृत गर्नेछ।

(ग) गाउँ कार्यपालिकाले अनुकूल र आवश्यक रकमको विश्लेषण गरी स्वीकृत गरेको छात्रवृत्तिको रकम कक्षा-१२ परीक्षामा ईन्जिनियरिङ्ग, विज्ञान, गणित, अङ्ग्रेजी र नेपाली विषयहरुमा न्युनतम B विषयगत ग्रेड प्राप्त गरी एकमुष्टमा सर्वोत्कृष्ट न्यूनतम ३.०० जि.पि.ए. ल्याई प्राविधिक शिक्षा अध्यानार्थ इन्जिनियर, नर्स,कृषि, भेटेनरी, चिकित्साशात्र, मूल विषय विज्ञान/ गणित स्नातक तह अध्यानार्थ विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइनेछ।

(घ) उक्त छात्रवृत्ति रकम छनौट भएका छात्रा / छात्रको वार्षिक पढाई शुल्कका लागि उपलब्ध गराइनेछ।

(ङ) छात्रा / छात्रको वार्षिक पढाई शुल्कको विवरण गाउँपालिकामा उपलब्ध गराउनुपर्नेछ।

(च) छात्रवृत्ति प्राप्तिका लागि छात्रा / छात्रले कक्षा-१२ परीक्षामा ईन्जिनियरिङ्ग, विज्ञान, गणित, अङ्ग्रेजी र नेपाली विषयहरुमा न्युनतम B विषयगत ग्रेड प्राप्त गरी एकमुष्टमा सर्वोत्कृष्ट न्यूनतम ३.०० जि.पि.ए. प्राप्त गरेको हुनुपर्नेछ र अनुसुची-०१, अनुसुची- ०२ बमोजिमका कागजात सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ ।

(छ) छात्रवृत्ति निरन्तरताका लागि हरेक तह र कक्षाको वार्षिक परीक्षामा नियमित रूपमा उत्तीर्ण भएको प्रमाणित हुनुपर्नेछ अन्यथा छात्रवृत्ति रकम कटौति गर्न सकिनेछ।

(ज) समयसापेक्ष रुपमा छात्रवृत्ति रकमको हेरफेर वा थपघट गर्ने सम्पूर्ण अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ।

अध्यक्ष

## परिच्छेदः-३

## छात्रवृत्ति छनौट समिति

**छात्रवृत्ति छनौट समिति** : (१) छात्रवृत्ति छनौट गर्ने कार्यका लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा देहायका सदस्यहरु रहेको एक छात्रवृत्ति समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष-अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक- सदस्य

(घ) गाउँकार्यपालिकाले मनोनित गरेको कार्यपालिका सदस्य १ जना - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख- सदस्य सचिव

(२) छात्रवृत्ति छनौट समितिले आवश्यक देखेमा सम्वन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(३) छात्रवृत्ति छनौट कार्य अध्ययनरत विद्यार्थीको कक्षा - १२ परीक्षाको प्रमाणपत्रको प्रमाणीत प्रतिलिपीको अध्ययन गरी छात्रवृत्ति छनौट मितिबाट जाँचबुझ र नतिजा विश्लेषण गर्दा सर्वोत्कृष्ट GPA प्राप्त गर्ने छात्रा/छात्र मध्येबाट छनौट गरिनेछ।

(४) छात्रवृत्ति छनौट गर्दा एक शैक्षिक वर्षमा कक्षा कक्षा-१२ परीक्षामा ईन्जिनियरिङ्ग विषय, विज्ञान, गणित, अङ्ग्रेजी र नेपाली विषयहरुमा न्युनतम B विषयगत ग्रेड प्राप्त गरी एकमुष्टमा सर्वोत्कृष्ट न्यूनतम ३.०० जि.पि.ए. प्राप्त विद्यार्थी छनौट गरिनेछ।

( ५ ) योग्यता पुगेकाहरु मध्यबाट अपाङ्ग, दलित र विपन्नलाई प्रतथमिकता दिइनेछ ।

अध्यक्ष

## अनुसुची-१

## छात्रवृत्तिका लागि निवेदन

फोटो

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
माथागढी गाउँपालिका, झडेवा,पाल्पा।

विषयः- उच्च शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धमा ।

प्रस्तुत विषयमा पाल्पा जिल्ला, माथागढी गाउँपालिका वडा नं...............................................मा बस्ने श्री ...................................................को नाति/नातिनी श्री.......................................को छोरा/छोरी मितिः .................................. जन्म भएको म...................................................ले कक्षा - १२ को शैक्षिक सत्र.................. मा श्री................................................विद्यालयबाट परीक्षामा .............GPA प्राप्त गरी उत्तिर्ण गरेकाले माथागढी गाउँपालिका **उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी छात्रवृत्ति सम्बन्धी कार्यविधि-२०८२** वमोजिम छात्रवृत्ति पाउँनका लागि रितपुर्वक यो निवेवन पेश गरेको व्यहोरा अनुरोध छ ।

| निवेदकको: | अभिभावकको: |
|---|---|
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| सम्पर्क नंम्बरः | सम्पर्क नंम्बरः |
| मितिः | मितिः |

अध्यक्ष

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मदैया, पाल्पा
लुम्बिनी प्रदेश नेपाल
२०७३

अनुसुची-२

छात्रवृत्तिका लागि सिफारिस पत्र

फोटो

श्री माथागढी गाउँपालिका ,
गाउँ कार्यपालिकाको कार्यालय,
माथागढी गाउँपालिका, पाल्पा ।

विषयः- छात्रवृत्तिका लागि सिफारिस गरिएको ।

प्रस्तुत विषयमा पाल्पा जिल्ला, माथागढी गाउँपालिका वडा नं.........................................मा बस्ने श्री .................................................को नाति/नातिनी श्री.................................................को छोरा/छोरी मितिः ........................................ जन्म, ना.प्र.न.........................................भएका श्री.................................................ले मितिः............................देखि...........................सम्म श्री ..................................................... विद्यालयमा अध्ययन गरी कक्षा - १२ को परीक्षामा............. जि.पि.ए. उत्तिर्ण गरेका विद्यार्थी जेहेन्दार छात्र/छात्रा हुन। निजलाई माथागढी गाउँपालिका **माथागढी गाउँपालिकाको उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी छात्रवृत्ति सम्बन्धी कार्यविधि-२०८२** वमोजिम छात्रावृत्तीको व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ। माथि लेखिएको व्यहोरा ठीक साचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउँला।

सिफारिस गर्नेः
विद्यालयको छापः
नामः
हस्ताक्षरः

सिफारिस गर्नेः
वडा कार्यालयको छापः
नामः
हस्ताक्षरः

प्रमाणिकरण गर्नेः
यम बहादुर चिदी
अध्यक्ष
माथागढी गाउँपालिका
मितिः२०८२/१०/०४

अध्यक्ष